# मेलौली नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
मेलौली, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.:- २०७७।०७८

मितिः-२०७७।०५।०८

च.नं.: ३१६

**श्री सबै वडा कार्यालयहरु**
**मेलौली नगरपालिका , वैतडी ।**

**विषय : आदेश कार्यान्वय सम्वन्धमा।**

प्रस्तुत विषय सम्बन्धमा COVID-19 को रोकथाम तथा नियन्त्रणका लागि जिल्ला प्रशासन कार्यालय बैतडीको च.नं.३४९ मिति २०७७।०५।०७ गतेको पत्र यसै पत्रसाथ संलग्न गरि पठाईएको छ । संलग्न पत्रानुसार यस नगरपालिका भित्रका सबै वडा कार्यालयहरुले आफ्नो वडा भित्र सो निर्णयलाई कडाईका साथ कार्यान्वयनका लागि आदेशानुसार अनुरोध गरिन्छ ।

.............................
नारायण बहादुर चन्द
**नि.प्रमुख प्रशासकीय अधिकृत**

नि.प्रमुख प्रशासकीय अधिकृत

ईमेल:info@melaulimun.gov.np **website : www.melaulimun.gov.np**

फोन नं. ०९६६९०९३६

"कृषि, पर्यटन र पुर्वाधार,
मेलौलीविकासको मुलआधार"

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
बैतडी

फोन नं.: ०९५-५२०१३३
०९५-५२०२३३
फ्याक्स नं.: ०९५-५२०५३५
E-mail: dao.baitadi@gmail.com
Web: daobaitadi.moha.gov.np

प.स.:२०७६/७७
च.नं. : ३४५ मिति :२०७७/०५/०७

विषय: आदेश कार्यावयन सम्बन्धमा।

श्री जिल्ला समन्वय समितिको कार्यालय
बैतडी।

श्री नगरपालिका/ गाउँपालिका, सबै।

श्री जिल्ला स्थित सुरक्षा निकायहरु, सबै।

श्री जिल्ला स्थित सरकारी/सार्वजनिक कार्यालय, सबै।
श्री नेपाल रेडक्रस सोसाइटी, शाखा बैतडी।
श्री गैरसरकारी महासंघ, बैतडी।
श्री नेपाल पत्रकार महासंघ, बैतडी।
श्री उद्योग बाणिज्य संघ, बैतडी।

प्रस्तुत विषय सम्बन्धमा यहि मिति २०७७/०५/०७ गते यस जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री मोहनराज जोशी ज्यूबाट जारी गरिएको आदेश पाना थान-२ (दुई) कार्यान्वयनका लागि यसैसाथ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध गरिन्छ।

२०७७/०५/०७

लोकेन्द्र सिंह नेगी
सहायक प्रमुख जिल्ला अधिकारी

"सक्षम निजामती प्रशासनः विकास, समृद्धि र सुशासन"

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
बैतडी

फोन नं.: ०९५-५२०१३३
०९५-५२०२३३
फ्याक्स नं.: ०९५-५२०५३५
E-mail: dao.baitadi@gmail.com
Web: daobaitadi.moha.gov.np

प.स.:२०७७/७८
च.नं.

मिति :२०७७/ ०५ / ०७

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बैतडी

## जिल्ला प्रशासन कार्यालय, बैतडीका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

विश्वव्यापी महामारीको रूपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण देशैभर तिव्रगतिमा बढीरहेको सन्दर्भमा बैतडी जिल्लाभित्र समेत कोभिड-१९ को संक्रमण दिनानु दिन वृद्धि भईरहेको अवस्थालाई मध्यनजर गरी यस जिल्लामा थप संक्रमण फैलन नदिन र सोको रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन जरूरी देखिएकोले नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७/०५/०१ को निर्णय बमोजिम संक्रामकरोग ऐन, २०२० को दफा २ एवं स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ अनुसार **DCCMC** को मिति २०७७/०५/०४ गतेको निर्णय समेतको आधारमा मिति २०७७/०५/०७ को जिल्ला सुरक्षा समितिको निर्णय बमोजिम मिति २०७७/०५/०८ गते राति १२:०० बजे देखि मिति २०७७/०५/१४ गते राति १२:०० बजेसम्म बैतडी जिल्लाभर लागू हुने गरी देहाय बमोजिमका गतिविधिहरू गर्न/गराउन निषेध गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिएको छ।

**देहाय :**

१. अत्यावश्यक सेवा तथा वस्तु बाहेकका अन्य सबै प्रकारका उद्योग, व्यापार, व्यावसाय संचालन नगर्ने।

२. औषधि, खाद्यवस्तु तथा अन्य अत्यावश्यक उपभोग्यवस्तु तथा सेवा खरिदको काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर ननिस्कने। अत्यावश्यक कार्यका लागि घर बाहिर निस्कदा अनिवार्य रूपमा मास्कको प्रयोग तथा न्यूनतम भौतिक/सामाजिक दुरी कायम गर्नुपर्ने छ।

३. अत्यावश्यक सामग्री लगायतका मालवाहक ढुवानीका सवारी साधन, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन बाहेक अन्य सबै सवारी साधनहरु जिल्ला भित्र प्रवेश निषेध गर्ने।

४. जिल्लाभित्र सबै प्रकारका निजी तथा सार्वजनिक यात्रुबाहक सवारी साधन सञ्चालन नगर्ने।

५. कोभिड-१९ को संक्रमणको जोखिम नियन्त्रण, सो को रोकथाम, उपचार तथा व्यवस्थापन सम्बन्धी कार्यमा खटिनुपर्ने र अत्यावश्यक सेवा भनी नतोकिएका तर नियमित सेवा प्रदान गर्नुपर्ने अन्य कार्यालयमा आउन जानपर्ने राष्ट्रसेवक कर्माचारीको हकमा सम्बन्धित कार्यालय वा निकायले न्यूनतम कर्मचारी संख्या निर्धारण गरी कार्यालयले जारी गरेको फ़ोटो सहितको परिचयपत्रको आधारमा सञ्चालन हुने सवारी साधन बाहेकका सवारी साधनहरु सञ्चालन नगर्ने।

६. सवारी साधन सञ्चालनको लागि पूर्व अनुमति आवश्यक नपर्ने भनी तोकिएका अत्यावश्यकीय वस्तु तथा सेवा अन्तरगत पर्ने औषधि, खाद्यवस्तु, इन्धन, खाना पकाउने ग्याँस, तरकारी, फलफूल, दुध, विद्युत, दूरसञ्चार, सूचना तथा सञ्चार, क्वारेन्टाइन, आईसोलेसन, फोहरमैला व्यवस्थापन, अस्पताल जाने- आउने बिरामी, मृत्यु संस्कारका लागि अनिवार्य रूपमा सहभागी हुनुपर्ने कामका लागि प्रयोग गर्ने सवारी साधन जस्ता अति आवश्यक सेवा बाहेकका अन्य सवारी साधन सञ्चालन नगर्ने।

७. कुनै पनि मेला, पर्व, महोत्सव, जात्रा सञ्चालन गर्न, मानिसहरू भेला/जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस गर्न निषेध गर्ने।

८. परम्परागत रूपमा भई आएको दैनिक रूपमा हुने आन्तरिक नित्य पूजा बाहेकका सम्पूर्ण धार्मिक, सांस्कृतिक गतिविधिहरू सञ्चालन तथा जमघट नगर्ने।

२०७७/०५/०७
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
बैतडी

फोन नं.: ०९५-५२०१३३
०९५-५२०२३३
फ्याक्स नं.: ०९५-५२०५३५
E-mail: dao.baitadi@gmail.com
Web: daobaitadi.moha.gov.np

प.स.:२०७७/७८
च.नं.

मिति :२०७७/०५/०८

९. शैक्षिक संस्थाहरु, प्रशिक्षण केन्द्रहरू, ट्युसन सेन्टर, भाषा कक्षा लगायतका जमघट हुने गतिविधिहरू सञ्चालन नगर्ने।

१०. सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमनार, मनोरञ्जन स्थल, सैलुन, ब्यूटिपार्लर, जिमखाना, समूहमा खेलिने खेलकुद, पुस्तकालय, संग्रहालय आदि सञ्चालन नगर्ने।

११. होटेल, रेष्टुरा सञ्चालन नगर्ने/नगराउने।

तर

१२. आवश्यक परेको अवस्थामा सरकारी तथा सार्वजनिक कार्यालयहरु न्यूनतम मात्रामा कर्मचारी उपस्थित गराई कार्यालय सञ्चालन गर्ने र सो बाहेक कर्मचारीहरूलाई सुरक्षित रूपमा घरबाटै सम्पादन गर्न सकिने तोकिएका कार्यहरू गर्नको लागि सम्बन्धित कार्यालय प्रमुखले व्यवस्था मिलाउने।

१३. बैंकिङ सेवा लगायत विभिन्न निकायहरुले भर्चुअल वा विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्नेछ। सो सम्भव नभएमा स्वास्थ्य सुरक्षाको मापदण्ड र भौतिक दुरी कायम गरी/गराई नेपाल राष्ट्र बैंकले तोकेको संख्यामा वा न्यूनतम संख्यामा कर्मचारी उपस्थित गराई सेवा प्रवाह गर्न सकिनेछ।

१४. औषधि, स्वास्थ्य सामग्री र स्वास्थ्य सम्बन्धि कार्यको हकमा आवश्यकता अनुसार स्वास्थ्य सुरक्षाको मापदण्ड र भौतिक दुरी कायम गरी/गराई सञ्चालन गर्नुपर्ने।

१५. खाद्यान्न, तरकारी, दुध, फलफूल, माछा, मासु लगायतका अत्यावश्यक वस्तुहरूको हकमा बिहान ६:०० बजे देखि ९:०० बजे सम्म(३ घण्टा मात्र) स्वास्थ्य सुरक्षाको मापदण्ड र भौतिक दुरी कायम गरी/गराई सञ्चालन गर्न सकिनेछ।

१६. यस आदेशको उल्लंघन गर्ने वा आदेशको पालना गर्ने गराउने कार्यमा अवरोध गर्ने उपर प्रचलित कानून बमोजिम कारवाही हुनेछ। साथै, अत्यावश्यक उपभोग्य वस्तु तथा सेवाको आपूर्तिमा कृत्रिम अभाव सिर्जना गर्ने, मूल्यवृद्धि गर्ने, जम्माखोरी गर्ने वा लुकाउने वा सहज आपूर्तिमा अवरोध गर्ने उपर कानून बमोजिम कारवाही हुनेछ।

कोभिड-१९ को बढ्दो संक्रमणका कारण समग्र क्षेत्रमा उत्पन्न असहज परिस्थितिका बावजुद यस आदेशको पूर्ण पालना गरी गराई कोभिड-१९ को संक्रमणको जोखिम नियन्त्रण गर्ने यस अभियानमा सदा झैं निरन्तर सहयोग साथ र सहभागिताको लागि जिल्ला प्रशासन कार्यालय, बैतडी सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछ।

२०७७।५।८

मोहनराज जोशी
प्रमुख जिल्ला अधिकारी